

# ४ आगोको भट्टिदेखि दरवारसम्म

*<u>यस अध्यायका मूल पदहरू</u>:* दानिएल ३, प्रकाश १३:११-१८, प्रस्थान २०:३-६, व्यवस्था ६:४, १ कोरन्थी १५:१२-३६ र हिब्रू ११।

*<u>यस अध्यायको मूल सार पद</u>:* **"हामीले सेवा गर्न परमेश्वर दनदन बलिरहेको आगोको भट्टीबाट उद्धार गर्न सक्षम हुनुहुन्छ र हे महाराजा, तपाईंको हातबाट हामीलाई पनि उद्धार गर्नुहुनेछ" (दानिएल ३:१७ रूपान्तरित)।**

**ती तीन युवाहरूले** पवित्र आत्माबाट प्रेरित भएर तत्कालीन विश्व साम्राज्यको सम्राट र उनको राष्ट्रसम्मुख आफ्नो विश्वासको गवाही दिंदै यो जाहेरी गरे कि तिनीहरूले सेवा आराधना गर्ने गरेका परमेश्वरमात्र सत्य र जीवित परमेश्वर हुनुहुन्छ। जुन निर्णायक वचनद्वारा तिनीहरूको आस्थाको प्रदर्शन तिनीहरूले गरे त्यसमा तिनीहरूको नीतिहरू स्पष्टरूपमा प्रस्तुत गरेका थिए। सनातन सृष्टिकर्ता परमपिता परमेश्वरको आराधना गर्नुपर्ने नीतिलाई पन्छाएर आफैले स्थापना गरेका मूर्तिहरूलाई भगवान भनेर पूजा गर्ने प्रवृति भएका जोसुकैलाई पनि जीवित परमेश्वरको महानता र शक्तिलाई देखाउन र उहाँमात्र श्रद्धायोग्य र पूजनीय हुनुहुन्छ भनेर देखाउन उहाँका सेवकहरू जुनसुकै मोल चुकाउन पनि तयार हुनुपर्छ। उहाँमात्र मानिसहरूको सम्मान, आदर र आराधनाको योग्य हुनुहुन्छ र आफ्नो जीवनको मोललाई नै जोखिममा परेरपनि मानव निर्मित मूर्तिको पूजा गर्न कुनै सम्झौता गर्दैनन् भन्ने प्रतिबद्धतामा उहाँका जनहरू अडिग रहनुपर्छ। हामी युगको अन्तमा रहिरहेकाहरूको निम्ति ती हिब्रू युवाहरूले सिकाएको पाठलाई हमीले हाम्रो काँधमा भएको जिम्मेवारी सम्झनु पर्छ।"-एलेन जी ह्वाइट, *इन हेभेन्ली प्लेसेस,* पृ. १४९बाट रूपान्तरित। विज्ञानको युगभन्दा अघि र अन्धविश्वासको युगमा मृत्युको धम्की दिएर कुनै वस्तु वा थोकको पूजा नगर्दा तिनीहरूलाई अतिवादी भएको भनेर

पनि भनियो होला। तर जब वैज्ञानिक, दार्शनिक वा विभिन्न वुद्धिजीविहरूको प्रयासमा विभिन्न वादहरूले यो संसारलाई द्रुत गतिमा अगाडि बढाइरहेको हुन्छ तब ती हिब्रू युवाहरूले सामना गरिरहेको "कसको पूजा गर्ने" भन्ने चुनौति परमेश्वरका जनहरूको अगाडि खडा गरिनेछ भनेर बाइबलले स्पष्टरूपमा बताउँदछ। तर ती युवाहरूको समयमा केवल स्थानीय बेबिलोनमा मात्र त्यसको सामना गर्नुपरेको थियो भने युगको अन्तमा त्यस्तै खालको धम्की र चुनौति विश्वव्यापी रूपमा हुनेछ। त्यसकारण तत्कालीन विश्व साम्राज्यको सम्राटको सामु ती हिब्रू युवाहरूले सामना गरेको जोखिमपूर्ण चुनौति र तिनीहरूले गरेको निर्णयले यो भेद खुलाउँछ कि येशूको आगमन नहुञ्जेल परमेश्वरमा आस्थावान जनहरूले पनि त्यही खालको जोखिमपूर्ण विषयहरूको सामना गरिरहनुपर्नेछ भनेर बाइबलले स्पष्टरूपमा बताउँछ।

## १. सुनको मूर्ति वा प्रतिमा

**दानिएल ३:१-७ पढ्नुहोस्। सबैलाई आकर्षित गर्न भगवान भनि ठानिएको भव्य मूर्तिको निर्माण गर्न राजालाई कसले प्रेरित गऱ्यो? हेर्नुहोस् "१ राजा नबूकदनेसरले तीस मिटर अग्लो र तीन मिटर चौड़ा भएको सुनको एक मूर्ति बनाए र त्यसलाई बेबिलोनको प्रदेशमा स्थित दूरा नाम गरेको मैदानमा स्थापना गरे। २ त्यसपछि उनले त्यो मूर्ति अर्पण गर्नलाई प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरूलाई भेला गरे। ३ यसकारण प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यकाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरू राजा नबूकदनेसरले खड़ा गरेको त्यस मूर्तिलाई अर्पण गर्न भेला भए र त्यसको अगि उभिए। ४ तब सो कुराको घोषणा गर्नेले चर्को स्वरमा कराएर भन्यो, "हे मानिसहरू, जातिहरू र विभिन्न भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको छः ५ तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाको स्वर सुन्ने बित्तिकै राजा नबूकदनेसरले स्थापना गर्नुभएको सुनका मूर्तिको अगि घोप्टो परेर तिमीहरू सबैले दण्डवत् गर्नुपर्छ। ६ घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि तुरुन्तै दन्किरहेको आगोको भट्टीमा फालिनेछ।" ७ यसैकारण नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्ने बित्तिकै विभिन्न भाषा बोल्ने जाति-जातिका**

**मानिसहरू सबैले घोप्टो परेर नबूकदनेसर राजाले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गरे।"**

राजाले देखेको सपना र उनले बनाएको मूर्तिको बीचमा केही समयको अन्तराल थियो। उनको सपनाको अर्थ दानियलले खोलिदिदा उनी अत्यन्तै प्रभावित त भएका थिए तर उनले आफ्नो दिमागबाट मूर्तिलाई पन्छाउन सकेका थिएनन्। अझ उनीपछि अर्को शक्तिले बेबिलोन साम्राज्यलाई चक्नाचुर पारि अकैंले शासन गर्नेछ भन्ने कुरो त उनको निम्ति असह्य भइरहेको थियो। सपनामा देखेको मुर्तिको सुनको टाउकोलेमात्र आफूलाई इङ्गित गरेको कुरामा उनी संतुष्ट थिएनन्। उनी चाहन्थे कि सारा मूर्ति सुनको होस् र आफ्नो राज्यको गौरब विश्वको इतिहासभरि रहिरहोस् भन्ने उनको चाहनालाई उनले प्रजाहरूको सामु अवगत गराउन चाहेका थिए।

यस्तो खालको घमण्ड वा अहंकार बाबेलको धरहरा बनाउने मानिसको दिमागमा पनि थियो। तिनीहरूको अभिमानले परमेश्वरको अस्तित्वलाई नै चुनौति दिने प्रयास गरेको थियो। यहाँ पनि राजा नबूकदनेसरले उनको अभिमान र अहंकारमा कुनै कमी नभएको उनले देखाएका थिए। उनको राज्यकालमा बेबिलोनको सभ्यता उच्च शिखरमा पुगेको थियो, उनको प्रभाव तत्कालीन विश्व थियो। बेबिलोनको सम्राट् भएर उनले ठूला ठूला उपलब्धिइहरू हासिल गरेका थिए। अब उनले स्थापना गरेको संसार बिस्तारै बिलाउनेछ भन्ने कुराले उनलाई पिरोलेको थियो। त्यसकारण उनको गौरब, महत्त्वकाँक्षा र स्वार्थलाई उचाली राख्न र आफ्नो राजनैतिक शक्तिको प्रदर्शन गर्न उनले भयानक मूर्ति खडा गरे। उनीप्रति बफादार रहने सबैले त्यस मूर्तिलाई ढोग्नै पर्ने कडा हुकुम उनले जारी गरेका थिए। त्यो मूर्तिले राजा वा देवतालाई औंल्याउँछ कि औंल्याउँदैन भन्ने कुरामा स्पष्ट नभएतापनि पौराणिक संसारमा धर्म र राजनीति छुट्टै हुनुपर्छ भन्ने नीति स्पष्ट थिएन र त्यो अवधारणा थियो भन्न पनि सकिन्न।

सत्य परमेश्वरको पहिचाना गर्न राजा नबूकदनेसरले दुई पटक अवसर पाएका थिए भन्ने कुरालाई हामीले सम्झनुपर्छ। प्रथम पटक, जब उनले चार जना हिब्रू युवाहरूलाई परीक्षा गरेका थिए तब उनले बेबिलोनका अरू विद्यार्थी वा वुद्धिजीविहरूभन्दा ती युवाहरू दश गुणा ज्ञानी भएको उनले थाहा पाएका थिए। अनि जब उनले सपना देखे तब बेबिलोनका कुनै बुद्धिजीवि तथा ज्योतिषीहरूले उनको सपना र सपनाको अर्थ भन्न सकेका थिएनन्। राजाको दिमागमा खेलिरहेको कुरा दानिएलले स्पष्टरूपमा बताइदिएका थिए। राजाको

सपना र त्यसको रहस्य पनि दानिएलले खुलाएका थिए। त्यसबेला राजाले दानिएलका परमेश्वरको विशिष्टता वा श्रेष्ठतालाई स्वीकार गरेका थिए। तर परमेश्वरको बारेमा ती हिब्रूहरूले गवाही दिएतापनि आफू मूर्तिपूजाबाट नफर्किने निर्णय राजाले गरेका थिए। किन त? अभिमानको कारणले हुनसक्छ वा राष्ट्रको गौरबको निम्ति मूर्तिपूजा कायम राख्नुपर्ने उनको चाहना थियो। आफ्ना सबै गौरब, यश, सम्पत्ति, खजाना, उपलब्धिहरू, बौद्धिक स्थापना र संरचनाहरू एक दिन ध्वस्त हुनेछन् भन्ने वास्तविकतालाई पापी मानिसहरूले स्वीकार्दैनन्। जब हामी हाम्रो उपलब्धिहरूतर्फ बढी ध्यान दिन्छौ र अनन्त राज्यको अगाडि तिनीहरू केही पनि होइन भन्ने कुरा बिर्सन्छौं तब हामी पनि सानो नबूकदनेसर जस्तै हुन पुग्छौं।

**अनेकौं चलाखीपूर्ण तरिकाहरूद्वारा नबूकदनेसर फसेको धरापमा हामी पनि नफस्न कसरी सजग रहने?**

## २. मूर्तिलाई ढोग्न वा पूजा गर्न गरिएको आह्वान वा उर्दी

**दानिएल ३:८-१५ र प्रकाश १३:११-१८ पढ्नुहोस्। ती दुई अंशहरूलाई तुलना गरेर पढ्नुहोस्। दानिएलको समयमा जे भएको थियो त्यही खालको परिस्थिति भविष्यमा पनि हुनेछ भनेर देखाइएको कुरालाई हामीले कसरी हेर्ने? हेर्नुहोस् दानिएल ३:८-१५ "८ यसै बेला केही ज्योतिषीहरू अगि सरेर यहूदीहरूका विरुद्धमा अभियोग लगाए। ९ तिनीहरूले राजा नबूकदनेसरलाई भने, "महाराजा, अमर रहून्! १० हजूरले हुकुम गर्नुभएको छ, कि हरेक जसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्छ, त्यसले घोप्टो परेर सुनको मूर्तिलाई दण्डवत् गर्नुपर्छ। ११ अनि जसले घोप्टो परेर दण्डवत् गर्दैन, उसलाई दन्किएको आगोको भट्टीमा फालिनेछ। १२ तर केही यहूदीहरू छन्, जसलाई हजूरले बेबिलोनको प्रान्तमाथि शासन गर्न नियुक्त गर्नुभयो, जसका नाउँ शद्रक, मेशक र अबेद्नगो हुन्। हे महाराजा, यिनीहरूले हजूरलाई टेर्दैनन्। यिनीहरू न त हजूरका देवताहरूलाई पुज्छन्, न हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्छन्।" १३ रीसले चूर भएर नबूकदनेसरले शद्रक, मेशक र अबेद्नगोलाई ल्याउने हुकुम गरे। यसकारण यी मानिसहरू राजाकहाँ ल्याइए, १४ र नबूकदनेसरले तिनीहरूलाई भने, "ए शद्रक, मेशक अबेद्नगो, के यो कुरा सत्य हो, कि तिमीहरू मेरा देवताहरूको सेवा गर्दैनौ वा मैले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गर्दैनौ? १५ अब यदि तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-**

बाजा र सबै किसिमका बाजाहरूको आवाज सुन्ने बित्तिकै मैले बनाएको मूर्तिलाई दण्डवत् गर्न तयार भयौ भने धेरै राम्रो हुनेछ। तर यदि तिमीहरूले यसलाई दण्डवत् गरेनौ भने, तुरुन्तै दन्किरहेको आगोको भट्टीमा तिमीहरू फालिनेछौ। तब कुन देवताले तिमीहरूलाई मेरो हातबाट बचाउन सक्ला?" र प्रकाश १३:११-१८ "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गर्‍यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।"

राजाले स्थापना गरेको सुनको मूर्ति डुराको टुँडीखेलमा उभ्याइ राखिएको थियो। डुराको अर्थ त्यस बेलाको चल्ने भाषा आकाडियन भाषामा "पर्खालले घेरिएको ठाउँ" भन्ने हुन्छ। त्यो ठाउँ ठूलो र पवित्र स्थल भएको भान हामीलाई दिइन्छ। त्यस मूर्तिको परिसरमा आगोको भट्टी राखुको अर्थ बेदी पनि हुनसक्छ। जब बेबिलोनका मानिसहरूले पूजा पाठ गर्दथे तब बाजाहरू पनि बजाउँथे। त्यसकारण बाजाहरू पूजाको कार्यक्रमको एक भाग थिए। बेबिलोन सभ्यतामा चलेका सात थरीका बाजाहरूको नाउँ उल्लेख गरिएको छ। सात शब्दले तिनीहरूले गर्ने आराधना परिपक्व र प्रभावकारी भएको त्यस बेलाको चलनले देखाएको थियो। आज पनि हामी माझ विभिन्न पक्षबाट नयाँ जीवनशैली र नयाँ दर्शन वा वादहरू अपनाइयोस् भन्ने बाढि

ओर्लिरहेकै छन्। परमेश्वरको वचनमा व्यक्त गरिएको उहाँको अधिकारलाई त्यागन ती मानव धारणाहरूले उक्साइरहेको छ। परमेश्वरप्रति रहेको हाम्रो बफादारितालाई बेबिलोन साम्राज्यबाट बचेका वा बाँकी रहेका आधुनिक उत्तराधिकारीको सामु आत्मसमर्पण गर भनेर विभिन्न निकायहरूले हामीलाई कर गरिरहेकै छन्। संसारमा भइरहेका विभिन्न प्रतिस्पर्धा वा होडबाजी, लालसा वा प्रलोभन अर्थात् आँखा वा मनलाई लोभ्याउने खालका स्थितिहरूले हामीलाई बादलले झैं छोपिरहेको छ। तर हाम्रो निष्ठा परमेश्वरमा नै हुनुपर्छ भन्ने कुरा हामीले गम्भीरताका साथ याद गरिरहनुपर्छ।

भविष्यवाणीको समय तालिका अनुसार हामी संसारको इतिहासको अन्तिम दिनहरूमा छौं। पशुको मूर्ति वा प्रतिमाको पूजा गर वा आराधना गर भनेर यस संसारका मानिसहरूलाई आदेश दिइएको छ भनेर प्रकाश १३ले बताउँछ। त्यो पूजा वा आराधना गर्ने निकायलाई यस पृथ्वीका सारा मानिसहरू चाहे त्यो सानो होस् वा महान् होस्, धनी होस् वा गरिब होस्, दास होस् वा फुक्का होस् सबैले त्यसको पूजा गर र तिनीहरूको दाहिने हात वा निधारमा त्यस प्रतिमाको छाप लेऊ भनेर तिनलाई सम्बोधन गरिएको छ (प्रकाश १३:१६)।

छ थरीका मानिसहरूलाई पशुको प्रतिमाप्रति बफादारिता जनाउनु भनेर आदेश दिएको छ। ती मानिसहरू "ठूला, साना, धनी, गरिब, दास र मालिक वा फुक्का" हुन्। पशुको नाउँको नम्बर ६६६मा पनि ६लाई नै जोड दिइएको छ। त्यसको अर्थ अन्तिम दिनमा बिध्वंस हुने बेबिलोनले राजा नबूकदनेसरको प्रतिमालाई औंल्याउँछ। त्यसकारण माथी वर्णन गरिएको बृतान्तहरूलाई हामीले ध्यान दिनु जरुरी छ र परमेश्वरले आफ्नो सार्वभौमिकता अनुसार यस संसारको गतिविधिमाथि निगरानी राखेर चल्नुहुन्छ भन्ने कुरामा ख्याल राख्नु जरुरी छ।

**याद गर्नुहोस्, पूजा गर्नु वा आराधना गर्नु भनेको सार्वजनिकरूपमा कसैको अगाडि झुक्नु वा भक्ति देखाउनुमात्र होइन। तर थाहा नपाइकनै परमेश्वरलाई भन्दा हाम्रो भक्ति वा प्राथमिक वा उच्च ध्यान अन्यत्रै दिएर झुक्ने प्रवृत्तिप्रति हामी कसरी सजग हुने जसले गर्दा परमेश्वरलाई हामी बिर्सन पनि सक्छौ?**

## ३. आगोको भट्टीमा परमेश्वरप्रतिको निष्ठा वा विश्वासको जाँच

राजाले ती तीन जना हिब्रू युवाहरूमाथि जबरजस्ती तिनीहरूको आत्मनिर्णय बिरुद्ध आफ्नो धर्म लाद्न खोजेका थिए। उनले बनाएको मूर्तिलाई ढोग्नु भनेको यरूशलेममा रहेको पवित्र मन्दिरमा गरिने सेवाकार्य बिपरीतको बाटो अपनाउनु थियो। तिनीहरूलाई राजाले युद्धबन्दी बनाएर ल्याउनुभन्दा पहिले तिनीहरू यरूशलेमको पवित्र मन्दिरमा सनातन परमेश्वरको सेवा गर्दथे। तिनीहरू अब बेबिलोनको उच्च पदाधिकारी भएका थिए र अब उप्रान्त राजाप्रति बफादार होऊन् भन्ने तिनीहरूबाट अपेक्षा गरिएको थियो। तर परमेश्वरप्रतिको निष्ठामा अडिग हुनुपर्छ भन्ने ज्ञान पाएका ती बफादार युवाहरू मानिस प्रतिको वफादारितामा झुकेनन्। देशका बफादार पदाधिकारीहरू भएर देश र नरेशप्रति तिनीहरू बफादार हुन चाहेका थिए। तर सबैसँग मिल्न चाहेरपनि वा काममा बफादार हुन चाहेरपनि धर्मसँग तिनीहरूले सम्झौता गर्न चाहेनन्। त्यसैकारण राजाको हुकुम अनुसार चलाइएको उत्सबमा तिनीहरू समावेश हुन चाहेनन्।

**देहायका पदहरूले ती हिब्रू युवाहरूलाई कस्तो प्रभाव पार्थ्यो होला जसले गर्दा आफ्नो आस्थाको निम्ति जिउँदै सती जान अर्थात् आगोमा होमिन पनि तयार भए? हेर्नुहोस्, प्रस्थान २०:३-६ "३ "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू। ४ "आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। ५ तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, ६ तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु।" र व्यवस्था ६:४ "हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ।"**

राजाले दिएको आदेश अनुसार बाजाहरू बजेपछि सम्पूर्ण प्रजाहरूले उनको सुनको मूर्तिको अगाडि झुकेर ढोग्नुपरेको र त्यसको पूजा गर्नुपरेको थियो। सम्पूर्ण देशबासीले राजाको हुकुमको शिरोपर गरे तर तीन जना युवकहरू-शद्रक, मेशक र अबेदनगो-मूर्तिलाई नढोगी ठिङ्ग उभिएर बसे। तिनीहरूले राजाको हुकुम नमान्ने साहस गरे। तुरुन्तै बेबिलोनका बुद्धिजीवि भनाउँदाहरूले तिनीहरूको अडानलाई राजा समक्ष पेश गरे। सायद ती तीन हिब्रू युवाहरूप्रति ती ज्योतिषी वा बुद्धिजीविहरूको डाह पहिलेदेखि नै हुनुपर्छ।

तिनीहरूलाई उच्च पदमा बस्न दिइएकोमा बेबिलोनका पदाधिकारीहरू डाहाले जलेका पनि हुनसक्थे। ती युवाहरूलाई दोष दिँदै तिनीहरूको विरुद्ध राजालाई अझ क्रुध्द पार्न खोजेका थिए। तिनीहरूले यो आरोप लगाएः (१) राजा आफैले ती बिदेशीहरूलाई बेबिलोनको उच्च पदमा आशिन गराएका थिए, (२) ती बिदेशी यहूदीहरूले राजाका देवीदेवताहरूको पूजा गर्दैनन् (३) राजाले खडा गरेका सुनको मूर्तिलाई तिनीहरू ढोग्दैनन् र पूजा गर्दैनन् (दानिएल ३:१२)। तर ती आरोप लगाउनेहरूप्रति ध्यान नदिइ राजाले ती हिब्रू युवाहरूलाई मुर्तिलाई ढोग्न दोस्रो अवसर दिन्छन्। बाजा बजाउनेदेखि लिएर सबै प्रक्रिया राजाले दोहोऱ्याउन चाहेका थिए ताकि ती युवाहरूले आत्मआलोचना गरेर उनले स्थापना गरेको मूर्तिको पूजा गरुन्। यदि तिनीहरूले फेरिपनि मूर्तिलाई ढोग्न अस्वीकार गरे भने तिनीहरूलाई आगोको भट्टीमा फाल्ने धम्की राजाले दिए। अनि अत्यन्तै अहङ्कारी हुदै राजाले यो आतङ्ककारी धम्की तिनीहरूलाई सुनाउँछन् "हेरौंला, कुन देवताले तिमीहरूलाई मेरो हातबाट उद्धार गर्दोरहेछ।" (दानिएल ३:१५ रूपान्तरित।

अलौकिक अर्थात् साहस बटुलेर ती युवाहरूले निडरताकासाथ राजालाई यस्तो जवाफ दिए "यदि त्यसो हो भने, हे महाराजा, जुन परमेश्वरको आराधना हामी गर्छौं उहाँले नै त्यो दनदन जलिरहेको आगोको भट्टीबाट हामीलाई उद्धार गर्न सक्षम् हुनुहुनेछ र हजुरको हातबाट हामीलाई छुटकारा दिनुहुनेछ। यद्यपि, हे महाराजा त्यस आगोको भट्टीबाट हामीलाई उद्धार नगरिएतापनि तपाईंलाई यो थाहा होस् कि हामी तपाईंको भगवानहरूलाई पूजा गर्दैनौं न त तपाईंले स्थापना गर्नुभएको सुनको मूर्तिलाई नै परमेश्वर भनेर हामी पूजा गर्नेछौं" (दानिएल ३:१७,१८ रूपान्तरित)।

**ती हिब्रू युवकहरूलाई थाहा थियो कि तिनीहरूको परमेश्वरले तिनीहरूको उद्धार गर्नुहुनेछ तर तिनीहरूलाई उद्धार नै गरिनेछ भन्ने ग्यारेन्टी तिनीहरूलाई नभएको महसुस तिनीहरूले गरिरहेका थिए। तैपनि तिनीहरूले राजाको आदेशलाई पालना गर्न अस्वीकार गरेका थिए। तिनीहरूलाई जिउँदै जलाइनेछ भनेर थाहा पाउँदा पाउँदै पनि राजाको धर्मसँग तिनीहरूले सम्झौता गर्न चाहेनन्। यस्तो खालको निडर र अटल आस्था हामीले कहाँबाट पाउँछौं?**

## ४. चौथो व्यक्ति

**दानिएल ३:१९-२७ पढ्नुहोस्। त्यहाँ के भइरहेको थियो? आगोमा फ्याकिएका हिब्रू युवाहरू त तीन जना थिए तर त्यहाँ त चार जना पो देखा**

परे। चौथो व्यक्ति को थियो? हेर्नुहोसस् "१९ तब शद्रक, मेशक र अबेद्नगोसित नबूकदनेसर रीसले चूर भए, र तिनीहरूप्रति उनको धारणा बद्लियो। उनले त्यस आगोको भट्टीलाई साधारणभन्दा सात गुणा चर्काउने हुकुम गरे, २० र उनका सेनाको सबभन्दा बलिया सिपाहीहरूमध्ये कोहीलाई शद्रक, मेशक र अबेद्नगोलाई बाँधेर दन्किएको आगोको भट्टीमा फ्याँकिदिन भनी आज्ञा गरे। २१ तब यी मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर दन्किरहेको आगोको भट्टीमा फ्याँकिए। २२ राजाको हुकुम यति जरूरी थियो र आगोको भट्टी यति तातो थियो कि आगोको ज्वालाले शद्रक, मेशक र अबेद्नगोलाई लैजाने सिपाहीहरूलाई भस्म पाऱ्यो, २३ अनि यी तीन जना मानिसहरू दह्रिलो रूपमा बाँधिएकै अवस्थामा दन्किरहेको आगोको भट्टीमा परे। २४ त्यसपछि राजा नबूकदनेसरले आश्चर्यचकित हुँदै उफ्रेर आफ्ना सल्लाहकारहरूलाई सोधे, "के हामीले बाँधेर आगोमा फालेका तीन जना मानिसहरू होइनन् र?" उनीहरूले जवाफ दिए, "निश्चय नै हो, महाराजा।" २५ उनले भने, "हेर त, आगोभित्र चार जना मानिसहरू वरिपरि हिँड्रिरहेका देख्दछु, तिनीहरू नबाँधिएका र कुनै हानि नभएका देखिन्छन्, र त्यो चौथोचाहिँ देवताहरूको पुत्रजस्तै देखिन्छ।" २६ तब नबूकदनेसरले दन्किएको आगोको भट्टीको ढोका नजिक गएर चिच्च्याए, "हे शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका सेवक हो, बाहिर निस्केर आओ।" तब शद्रक, मेशक र अबेद्नगो आगोबाट बाहिर निस्केर आए, २७ अनि प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू तिनीहरूका वरिपरि भीड़ लागे। उनीहरूले देखे कि आगोले तिनीहरूका शरीरमा हानि पुऱ्याएको थिएन, न त तिनीहरूका शिरको रौं नै खहरिएको थियो, तिनीहरूका लुगालाई आगोले छोएको थिएन र तिनीहरूमा आगोको कुनै गन्धैसमेत थिएन।"

परमेश्वरप्रति आस्थावान र निष्ठावान भएका तीन जना हिब्रू युवाहरूलाई दन दन बलिरहेको आगोको भट्टीमा त फ्याँकियो तर त्यहाँ चौथो व्यक्ति पनि ती युवाहरूसँगै उभिरहेको देख्दा राजा नबूकदनेसर आश्चर्यमा परे। राजाको आत्मज्ञान अनुसार चौथो व्यक्ति परमेश्वरको पुत्र हुनुहुन्छ भनेर उनले चिने। (दानिएल ३:२५)।

राजाले त्यो भन्दा बेसी अरू केही सोच्न र भन्न सकेनन्। तर हामीलाई थाहा छ त्यो चौथो व्यक्ति को हो भनेर। उहाँ उही व्यक्ति हुनुहुन्थ्यो जो सदोम र गमराको नाश हुनुभन्दा अघि अब्राहमकहाँ देखा पर्नु भएको थियो, उहाँ त्यही व्यक्ति हुनुहुन्थ्यो जो याकूबसँग नदीको छेऊमा कुस्ती खेल्नु भयो

उहा त्यही व्यक्ति हुनुहुन्थ्यो जो जलिरहेको झ्याङ वा पोथ्रामा मोशाको सामु प्रकट हुनुभयो। उहा यस संसारमा मानव चोला लिएर मरियमको कोखमा जन्मनुभन्दा अघि आउनुभएको येशू ख्रीष्ट नै हुनुहुन्थ्यो। उहाले जब परमेश्वरका जनहरू सङ्कटमा पर्छन् तब उहाँ तिनीहरूसँग हुनुहुनेछ भनेर प्रतिवद्धता जनाउनुभएको थियो।

यस मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छ, "परमेश्वरले आफ्ना बफादार जनहरूलाई बिर्सनुहुन्न। जब उहाँको गवाही दिनेहरू आगोको भट्टीमा फ्यकिए तब उद्धारकर्ता आफै व्यक्तिगत रूपमा तिनीहरूको माझमा देखा पर्नुभयो। तिनीहरूले दन दन जलिरहेको आगोको बीचमा कुराकानी गरेर हिँडडुल गरे। परमेश्वरको सामु जलाउने आगोको ज्वालाको शक्ति मत्थर भएको थियो।"-प्रोफेटस एण्ड किङ्गस, पृ. ५०८,५०९बाट रूपान्तरित।

यशैयामार्फत परमेश्वरले दिनुभएको प्रतिज्ञामा आफू कटिवद्ध हुनुभएको प्रमाण ती हिब्रू युवाहरूको मामिलामा उहाँले देखाउनुभएको थियो, "जब तिमी पानीहरूबाट जान्छौं तब म तिमीसँग हुनेछु। जब तिमी नदीको बीचबाट जान्छौ तब त्यसको बाढीले तिमीलाई डुवाउने छैन। तिमीले आगोमा हिँडडुल गर्नुपर्दा आगोको ज्वालाले तिमीलाई निल्नेछैन" "यशैया ४३:२ रूपान्तरित)।

हामीलाई यी कथाहरू मन पर्ने भएतापनि परमेश्वरका कतिपय जनहरू जो आफ्नो विश्वासको निम्ति सताइए तिनीहरूको किन अलौकिक तरिकाले उद्धार गरिएन भन्ने जिज्ञासा हामीमा आउन सक्छ। अधर्मी र निष्ठुर राजाले यशैया र जाकरियालाई मारेको कुरा ती हिब्रू युवाहरूलाई थाहा भएकै हुनुपर्छ। पवित्र इतिहासभरि करौडौं निष्ठावान् र आस्थावान परमेश्वरका जनहरूलाई अनेकौं किसिमको यातना दिएर भयानक तरिकाले तिनीहरूको हत्या भएको थियो भने आज पनि त्यो नियति जारी नै छ। प्रायजसो तिनीहरू सबै अलौकिक तरिकाले उद्धार नगरिँदा पीडादायी मृत्युमा होमिनु परेको थियो। तर ती हिब्रू युवाहरूलाई चाहीं अचम्म तरिकाले उद्धार गरिएको थियो। हामीलाई थाहा छ यस्तो प्राय हुँदैन। (यस्तो मामिलालाई एडभेन्टिस्ट विद्वान माक्सवेल आर्थरले परमेश्वरको आपतकालीन कदम भनेर सम्बोधन गर्नुभएको छ-अनुवादकको थप टिप्पणी)।

**तर अर्को तर्फ यस संसारमा परमेश्वरका आस्थावान् र निष्ठावान् जनहरूले जुनसुकै परिस्थितिमा होमिनुपरेतापनि तिनको लागि कुन किसिमको अलौकिक उद्धारको योजना उहाँले तयार गरिरहनुभएको छ? हेर्नुहोस्, १ कोरन्थी १५:१२-२६ "१२ मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार**

गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं। २० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ***ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू।*** २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।"

## ५. शद्रक, मिशेक र अवेदनगोमा भएको आस्था र निष्ठाको रहस्य

जुन आगोको परीक्षामा शद्रक, मेशक र अवेदनगो परेका थिए र तिनीहरू अलौकिक ढंगले उम्किए त्यसको बारेमा छलफल गरिरहदा हामीले यो पनि सोच्नुपर्छः *तिनीहरूमा भएको बलियो विश्वास वा आस्थाको रहस्य के थियो?* मूर्तिको अगाडि शिर नझुकाउने बरू साहसकासाथ आगोमा जल्न तिनीहरू कसरी तयार भए? विभिन्न तर्कहरू गरेर राजाको कुरा सुन्दै यसो शिर निहुर्याए जस्तो गरेपनि हुन्थ्यो होला, हुँदैनथ्यो होला त? परमेश्वरप्रतिको आस्था र विश्वासले गर्दा अनगिन्ती मानिसहरू मरेका थिए भन्ने कुरा थाहा पाउँदा पाउँदै पनि तिनीहरू मर्नको निम्ति किन तयार भए?

यस मामिलामा हिब्रू ११ अध्यायले परमेश्वरप्रतिको विश्वास वा आस्थामा निष्ठावान् हुन हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्: " १ अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो। ३ विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो। ४ विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्। ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ। ७ विश्वासद्वारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए। यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए। ८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर

गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई
फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक
स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी
पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार
पारिदिनुभएको छ। १७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले
इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै
छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको
थियो, "इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले
मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले
सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए। २० विश्वासद्वारा इसहाकले
याकूब र एसावलाई तिनीहरूका भविष्यको बारेमा आशीर्वाद दिए। २१
विश्वासद्वारा मर्ने बेलामा याकूबले आफ्नो लौरोको टुप्पामा घोप्टो परेर
परमेश्वरको आराधना गरे, र योसेफको प्रत्येक छोरालाई आशीर्वाद दिए। २२
विश्वासद्वारा योसेफले आफ्नो जीवनको अन्त्यतिर इस्राएलीहरूका प्रस्थानको
विषयमा उल्लेख गरे, र उनका अस्थिको विषयमा आदेश दिए। २३ मोशा
जन्मदा तिनका आमा-बुबाले तिनलाई सुन्दर देखे, र विश्वासद्वारा तीन
महिनासम्म तिनलाई लुकाइराखे, र राजाका हुकुमको तिनीहरूले डरै मानेनन्।
२४ जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन
इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका
मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा
ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले
आफ्नो दृष्टि इनामतिर लाएका थिए। २७ राजाको क्रोधसँग नडराएर
विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी
स्थिर रहे। २८ ज्येष्ठलाई नाश गर्नेले तिनीहरूलाई छुन नपाऊन् भनेर तिनले
विश्वासद्वारा निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के। २९ विश्वासद्वारा
ओबानो भूमिमाझैं गरी हिँड़ेर तिनीहरूले लाल समुद्र पार गरे, जुन कुरो
मिश्रीहरूले प्रयत्न गर्दा डुबेर मरे। ३० सात दिनसम्म परिक्रमा गरेपछि
विश्वासैबाट यरीहोका पर्खालहरू ढले। ३१ जासूसहरूलाई राम्रो स्वागत गरेकी
हुनाले अनाज्ञाकारीहरूका साथमा राहाब वेश्या नाश भइनन्। ३२ अरू बढ़ी म
के भनूँ? किनकि गिदोन, बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र
अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन– ३३ जसले विश्वासद्वारा
राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू

**थुनिदिए, ३४ आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए। ३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए। अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे। ३६ अरूहरूले गिल्ला, कोर्राबाजी, बन्धन र कैद पनि भोग्नुपर्‍यो। ३७ तिनीहरूलाई ढुङ्गाले हाने। तिनीहरू करौंतीले चिरिए। तिनीहरू तरवारले मारिए। भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिहिँड़े। ३८ संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड्नुपर्‍यो। ३९ तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन्। ४० परमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँग मात्रै तिनीहरू सिद्ध तुल्याइऊन्।"**

ती हिब्रू युवाहरूले प्रकट गरेको आस्था वा विश्वासलाई बृद्धि गर्न विश्वास वा आस्था भनेको के हो सो बुझ्नु अनिवार्य छ। कतिपयले विश्वासलाई धेरै वा थोरै भन्ने शंख्यातमक तरिकाले हेर्दछन्। ती मानिसहरूले गरेको धेरै पुकारा वा मागेको आशिषको प्रार्थाना परमेश्वरले सुन्नुभयो र जवाफ दिनुभयो भने त्यो बिश्वास धेरै भएको र मागेको अनुसार पाइएन भने विश्वास थोरै भएको भनेर बुझ्ने गरिन्छ। ती मानिसहरू आफ्नो मोटर वा मोटरबाइक लिएर पसल जान्छन्। अनि तिनीहरूले पार्क गर्न ठाउँ पाए भने तिनीहरूको विश्वास बलियो भएको र यदि पार्क गर्ने ठाउँ पाएन भने तिनीहरूको प्रार्थना परमेश्वरले नसुन्नुभएको वा तिनीहरूको विश्वास त्यति बलियो नभएको तिनीहरू ठान्दछन्। (अर्थात् तिनीहरू जे पायो त्यही खान्छन् वा अस्वस्थकर खाना खान्छन् र शरीरमा केही गडबड भएन भने तिनीहरूमा बिश्वास बलियो भएको दावी गर्नु र तिनीहरूले खाएको खानाको कारणले शरीरमा केही गडबड भयो भने आफूहरूमा बलियो विश्वास नभएको महसुस गर्नु-अनुवादकको थप)। यस्तो खालको आस्था वा विश्वासको बुझाइ धेरै खतरनाक हुनसक्छ किनभने यसले परमेश्वरलाई आफूखुशी चलाउन प्रयास गरेको देखिन्छ। यसमा परमेश्वरको प्रभुत्व र बुद्धिको ख्याल गरिँदैन।

तर परमेश्वरमाथि सही वा सत्य विश्वास वा आस्था दानिएलका मित्रहरूले प्रकट गरे जसले तिनीहरूको गुणात्मक सम्बन्ध उहाँसँग भएको देखिन्छ र मरेपनि बाँचेपनि उहाँमा नै पूरा भरोसा राखेको देखिन्छ। साँचो वा सक्कली विश्वासले हाम्रो चाहना अनुसार परमेश्वरको चाहना होस् भन्दैनन् बरू

जुनसुकै नतिजा आएतापनि उहाँको इच्छामा आफूलाई समर्पण गर्दछ (जसरी अय्यूबको मामिला)।  ती तीन जना हिब्रू युवाहरू जब राजाको चुनौतिको सामना गर्न तयार भए तब परमेश्वरले तिनीहरूलाई कसरी सम्हाल्नुहुनेछ भन्ने कुरा उनीहरूलाई थाहा थिएन तैपनि परमेश्वरप्रतिको आस्थामा कटिवद्ध हुने निर्णय तिनीहरूले गरेका थिए। बहुमत वा अरू मानिसहरूले औंल्याएको कुरा नै असल र ठिक भन्ने आधारमा तिनीहरूले निर्णय गरेनन् तर तिनीहरूमा भएको ज्ञान अनुसार जस्तो नतिजा आएतापनि जे सत्य छ त्यही गर्ने कठोर निर्णय तिनीहरूले गरेका थिए। परिपक्व विश्वासको ज्वलन्त उदाहरण ती हिब्रू युवाहरूले देखाएका थिए। हाम्रो आवश्यकता अनुसार प्रार्थना गरेर त्यसको नतिजा जे आएपनि हाम्रो उच्चतम हित परमेश्वरलाई नै थाहा छ भन्ने प्रतिवद्धता जाहेर गर्दै उहाँमाथि भरोसा राखेर गरिने विश्वासको प्रार्थनाले नै हाम्रो विश्वासको मापन गर्दछ। कतिपय समयमा हाम्रो जीवनमा नराम्रो कुराहरू भइरहदा त्यस्तो किनभयो भनेर नबुझौंला तैपनि हाम्रो जीवन परमेश्वरमा नै समर्पित गरेर चल्ने खुबी हुनु सत्य विश्वासको कला हो।

**सानोतिनो नै किन नहोस् हामीले हाम्रो दैनिक विश्वासलाई कसरी परिचालन गर्छौं जसले गर्दा ठूलो चुनौति वा समस्यामा पनि त्यसलाई सामना गर्न हामी तयार हुन सक्छौं? सानो तिनो कुरामा हुने विश्वासको जाँच धेरै कारणले किन महत्त्वपूर्ण हुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "दुराको टुँडिखेलमा तीन हिब्रू युवाहरूले सामना गर्नुपरेको परिस्थितिबाट हामीले महत्त्वपूर्ण पाठहरू सिक्नुपर्दछ। बर्तमान युगमा आफ्नो गल्ती केही नभएपनि गल्ती गऱ्यो भनेर परमेश्वरका सेवकहरूलाई आरोप लगाएर दुर्व्यवहार गर्ने र सार्वजनिकरूपमा होच्याउने शैतानका मतियारहरू सक्रिय छन्। शैतानका ती औजारहरू डाह, स्वेच्छाचारी र धर्मको नाउँमा पूर्वाग्रहले ग्रष्त भएका हुन्छन्। विशेष गरेर चौथो आज्ञाको निर्देशन अनुसार पालना गर्नुपर्ने साबथको गरिमा वा पवित्रतालाई पक्रि राख्छन् तिनीहरूमाथि मानिसहरूको क्रोध बर्सिनेछ। अन्तमा विश्वव्यापी रूपमा नै सबै राष्ट्रहरूले साबथको गरिमाप्रति प्रतिबद्ध हुने परमेश्वरका जनहरू मर्न योग्य भएको भनेर अपराधी घोषणा गर्दै नीतिनियमहरू बनाउनेछन्।

"परमेश्वरका जनहरूले यस्तो शङ्कटको सामना गर्नुपर्दा कसैले पनि हल्लाउन नसक्ने गरी विश्वासमा अडिक रहनुपर्छ। परमेश्वरमात्र हाम्रो

आराधनाको योग्य हुनुहुन्छ भनेर उहाँका जनहरूले प्रकट गर्नैपर्छ, र आफ्नो जीवनलाई नै जोखिममा पारेर भएपनि असत्य आराधनाप्रति अलिकति पनि सम्झौता नगर्न तिनीहरूलाई आह्वान गरिएको छ। परमेश्वरको वचनप्रति बफादार भएर उभिएका मानिसहरूको सामु ती पापी र मरणशील विद्रोही मानिसहरूका हुकुमहरू निकम्मा हुनेछन्। चाहे झ्यालखानामा बस्नुपरोस्, समाज वा देशबाट निश्कासनमा पर्नुपरोस् वा मृत्युकै मुखमा पर्नुपरेतापनि परमेश्वरका जनहरूले सत्यलाई पालना गरि नै रहनेछन्।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस, पृ. ५१२, ५१३बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **कतिपय आफ्ना निष्ठावान र आस्थावान विश्वासीहरूलाई परमेश्वरले उद्धार गर्नुहुन्छ भने कतिपयलाई गर्नुहुन्न किन होला? वा यस खालका प्रश्नहरूको जवाफ अहिले हामीले नपाउने हो कि? यद्यपि, अलौकिक तरिकाले हाम्रो उद्धार नभएतापनि वा आहतबाट राहत नमिलेतापनि वा अनेकौं निराशका बादलमा जाकिनुपरेतापनि हामीलाई जे असल छ त्यो परमेश्वरलाईमात्र थाहा छ भनेर उहाँमाथि भरोसा किन राख्नु जरुरी छ? हेर्नुहोस् १ पत्रुस १:८-१८ " ८ अन्त्यमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई सहानुभूति देखाओ, भातृ-प्रेम गर, कोमल हृदयका होओ, र नम्र मनका होओ। ९ खराबीको बदला खराबी नगर्ने अथवा अपमानको बदला अपमान नदिने, बरु त्यसको सट्टामा आशिष् दिने होओ, किनकि यसैको लागि तिमीहरू बोलाइएका छौ, कि तिमीहरूले आशिष् प्राप्त गर्न सक। १० किनकि, "जसले जीवनलाई प्रेम गर्छ, र असल दिनहरू देख्ने इच्छा गर्दछ, त्यसले आफ्नो जिब्रोलाई खराबीबाट र आफ्ना ओठलाई छली कुरा बोल्नबाट अलग राखोस्। ११ त्यो खराबीबाट फर्कोस् र असल गरोस्, त्यसले शान्तिको खोजी गरोस् र त्यसको पछि लागोस्। १२ किनकि परमेश्वरको नजर धर्मात्माहरूमाथि रहन्छ, र उहाँका कान तिनीहरूका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ।" १३ यदि तिमीहरू भलाइको निम्ति उत्साहित छौ भने, तिमीहरूको हानि गर्ने को हुन्छ र? १४ तर धार्मिकताको खातिर दुःख भोग्नैपरे तापनि तिमीहरू धन्यका हौ। तिनीहरूका धम्कीको डर नमान, र भयभीत नहोओ। १५ तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा**

उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। १६ तिमीहरूका विवेक शुद्ध राख, ताकि तिमीहरूको विरोधमा बोल्ने र ख्रीष्टमा तिमीहरूका चालचलनको निन्दा गर्नेहरू लज्जित होऊन्। १७ यदि परमेश्वरको यस्तै इच्छा छ भने, खराबी गरेर दुःख भोग्नुभन्दा भलाइ गरेर दुःख भोग्नु नै असल हो। १८ किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो।"

आ. यदि ती हिब्रू युवाहरू आगोको भट्टीमा नै मरेका भएतापनि त्यसबाट हामीले के पाठ सिक्नसक्थ्यौं ।

इ. अन्तिम युगमा हुने विभिन्न घट्नाहरूमा हामीले बाहिरीरूपमा देखाउनुपर्ने स्वभाव वा सङ्केत के होला जसले गर्दा हामी कसको पक्षमा उभिएर आराधना गरिरहेका छौं भनेर देखाउनुपर्ने हुन्छ? साबथको गरिमा कतिको महत्त्वपूर्ण छ भनेर त्यसले कसरी देखाउँछ?

ई. साँच्चिक्कै विश्वासद्वारा जिउनु भनेको के हो भनेर येशूले भन्नुभएको वचन लूका १६:१०मा भन्नुभएको वचन पढ्नुहोस् " "जो थोरै कुरामा इमानदार हुन्छ, त्यो धेरैमा पनि इमानदार हुन्छ, र जो अति सानो कुरामा बेइमान हुन्छ, त्यो धेरैमा पनि बेइमान हुन्छ।"

उ. राजा नबूकदनेसरले सारा जनताको माझ शद्रक, मेशक र अबेदनगोलाई दिएको त्यो चुनौति तपाईंलाई पनि दिइयो भने तपाईं त्यसको कसरी सामना गर्नुहुन्छ? हेर्नुहोस् उनको चुनौति दानिएल ३:१५ " तिम्रो को परमेश्वर छ र जसले तिमीहरूलाई मेरो हातबाट छुटकारा दिन सक्छ?"

## कथा ४
## स्कूलमा आक्रमण
## आन्द्र्यु मेकचिस्नी

स्टिपान आभाकोभको जन्म अजरबैजानको राजधानी बाकुमाखमा भएको थियो। ऊ १३ वर्षको हुँदा नै उसले भविष्यमा के गर्ने भनेर योजना बनाइसकेको थियो। उसलाई बास्केटबल खेल असाध्यै मनपर्‍यो र त्यही उमेरमा नै अजरबैजानका त्यस उमेरका खेलाडीहरूमध्ये उत्कृष्ट खेलाडीको रूपमा उसले नाम कमाइसकेको थियो।

उसको प्रशिक्षकले एक दिन उसलाई भन्यो "तिमीले केही चिन्ता लिनुपर्दैन। तिमी एकदिन दक्ष बास्केबल खेलाडी भएर निस्कनेछौ।"

एक दिन स्कूलकै क्लासरूममा एक हुल विद्यार्थीहरू उफ्रेर आए र एक जनाले आभाकोभलाई औंल्याउँदै "ऊ आर्मिनियन हो" भनेर चिच्यायो भने अर्कोले उसलाई "हामी माछौं" भनेर भन्यो। विद्यार्थीहरूले आभाकोभलाई घिसार्दै स्कूलको चौरमा लगे जहाँ अजेरिस जातका हुल जम्मा भएका थिए। उसलाई मारिनेछ भनेर निर्णय भइरहेको बेलामा उसलाई समात्नेले उसलाई अलिकति खुकुलो पार्‍यो र एक जना अजेरी साथी त्यहाँ देखा पर्‍यो त्यसपछि उसलाई सुरक्षित स्थानमा लगियो। हुलबाट टाडा गएपछि ती दुई जना केटाहरू भागेर आभाकोभको घरमा गए। उसलाई छुटाउनेले आभाकोभलाई उसको आमाको हातमा सुम्पियो। आभाकोभले त्यो केटालाई फेरि कहिल्यै पनि देखेन। आभाकोभकी आमाले उसलाई फेरि स्कूलमा कहिल्यै पठाइनन्। एक महिनापछि सन् १९८९मा तिनीहरू आफ्नो ज्यान बचाउन रूसतर्फ भागे।

रूसको भोल्गोडोनस्कमा आफ्नो नयाँ जीवन सुरु गर्न आभाकोभले ठूलो सघर्ष गर्नुपरेको थियो। यो सहर रुसको दक्षिणी भागमा पर्दछ। यसको जनसंख्या १७५,००० छ। आभाकोभले बास्केटबल खेल्ने प्रयास गर्‍यो। तर त्यो खेल खेल्ने मोह र जाँगर भने उसमा थिएन। आफ्नो अत्यन्तै माया गर्ने साथीहरू उसको विरुद्धमा किन गए भन्ने कुरो उसले बुझ्न सकेन। ऊ अर्कै जातको भएकोले उसलाई घृणा गरेर आक्रमण गरिएको थियो। यो किन भयो भनेर उसले त्यसको जवाफ खोज्न थाल्यो।

एक दिन, आभाकोभ पढिरहेको नयाँ स्कूलको इतिहासको महिला शिक्षकले आफ्नो कक्षामा बाइबलको इतिहासको बारेमा बोल्न एक जना पाहुना

आउनुहुनेछ भनेर सुनाइन्। ती पाहुना शिक्षकले दानिएल २मा लेखिएको भविष्यवाणीको बारेमा सिकाइन्। आभाकोभले अत्यन्तै चासो मानेर सुन्यो। उसले परमेश्वरको बारेमा कहिल्यै पनि सोचेको थिएन। अनि उसले जीवनमा पहिलो पल्ट परमेश्वरको अस्तित्वको बारेमा सोच्यो। यस पृथ्वीमा उहाँले नै शासन गर्नुहुन्छ रे! यो उसको लागि नौलो कुरो थियो। ती परमेश्वरलाई आफ्नो भविष्यको बारेमा थाहा होला कि भनेर आभाकोभले विचार गर्यो। कक्षा सकिएपछि आभाकोभ पाहुना शिक्षककहाँ गयो र उनलाई धेरै प्रश्नहरू गऱ्यो।

ती पाहुना शिक्षकले टाउको हल्लाएर भनिन् "मेरो श्रीमान् पास्टर हुनुहुन्छ। दुई हप्तापछि उहाँ यही स्कूलमा आउनुहुनेछ। उहाँले तिम्रो प्रश्नका जवाफहरू दिन सक्नुहुनेछ।"

दुई हप्तापछि पास्टर भेनियामिन तारास्युकले इतिहासको पाठ पढाए। उनले चारवटा प्रश्नहरू सबैको सामु राखे। ती प्रश्नहरूलाई सबैले जवाफ दिनु पर्ने उनले बताए। ती प्रश्नहरू थिए: म को हुँ? म कहाँबाट आएँ? म यहाँ किन छु? मलाई पछि के हुनेछ? यी प्रश्नहरूले आभाकोभलाई ठूलो धक्का दियो। उसले यस्ता प्रश्नहरू कहिल्यै पनि सोचेको थिएन।

त्यतिखेरै पास्टरले भने "यदि कसैले यी चारवटा प्रश्नहरूको जवाफ दिन सक्यो भने उसले आफ्नो जीवनको भविष्यको बारेमा सबै जवाफ पाउनेछ। तर ती प्रश्नहरूको जवाफ परमेश्वरले दिन सक्नुहुन्छ।'

आभाकोभ घरमा गयो र परमेश्वर को हुनुहुन्छ र चारवटा प्रश्नको जवाफहरू कसरी भेट्टाउने भनेर उसले विचार गऱ्यो। केही वर्षपछि उसले बप्तिस्मा लिइसकेपछि ती प्रश्नहरूको जवाफ उसलाई मिलेको थियो। "जब म आफू जन्मेको देश बाकुबाट भाग्नुपरेको बेलामा मैले शान्ति गुमाएको थिएँ। बप्तिस्मा नहुँञ्जेल मैले जिन्दगीभर शान्ति खोजिरहेको थिएँ" यी लेखकलाई आभाकोभले सुनायो।